# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०२/२७

चौथो अधिवेसन

(१५औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेसनको १५औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरू,**

अब, म सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदीलाई **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी :-** माननीय सभामुख महोदय, **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

***(प्रस्ताव पेस भएपछि)***

४. **माननीय सदस्यहरू,**

अब, म **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***("हुन्न" भनेपछि)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

५. **माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय **अक्कल बहादुर रावल** लाई समय दिन्छु ।

**माननीय अक्कल बहादुर रावल** :- सभामुख महोदय, **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** का सन्दर्भमा हामी यसको सैद्धान्तिक पक्षमा छलफल गर्न गैराखेका छौ । विशेष गरिकन सुदूरपश्चिममा आर्युवेदको प्रतिष्ठान स्थापना गर्ने भन्ने कुरा आफैमा महत्वपूर्ण कुरा हो किन कि हामी यो ऐतिहासिक कामको एउटा थालनी पनि यसले गर्दै छ । एउटा ऐतिहासिक संस्थाको स्थापना पनि यसले गर्दै छ । त्यसैले एउटा ऐतिहासिक र महत्वपूर्ण एउटा संस्थाको स्थापना गर्ने कुरा जति महत्वपूर्ण छ त्यो भन्दा धेरै कैयौ महत्वपूर्ण कुरा त्यसलाई व्यवस्थित तरिकाले संचालन गर्ने कुरा पनि त्यसको महत्व हुन्छ । त्यसैले हामीले सरकारले स्थापना गरेका विगतका संस्थानहरुको, प्रतिष्ठानहरुबाट पनि पाठ सिक्दै यो सुदूरपश्चिम आर्युवेद प्रतिष्ठान स्थापना गर्ने कुराको जुन ऐन आउदै छ ती ईतिहासका कुराहरुलाई पनि समिक्षा गर्दै हामीले यसलाई कसरी राम्रो बनाउन सकिन्छ । ऐनलाई अझै व्यवस्थित तरिकाले ऐनलाई पूर्णता दिने कुराका साथ साथै ऐन बनिसकेपछि एउटा संस्था स्थापना भैसकेपछि त्यसलाई कसरी दिर्घकाल सम्म राज्यको एउटा महत्वपूर्ण संस्थाको रुपमा राज्यको एउटा महत्वपूर्ण आयस्रोतलाई अगाडि बढाउन सकिने एउटा खम्बाको रुपमा एउटा पिलरको रुपमा कसरी विकास गरेर लैजान सकिन्छ भन्ने बारेमा पनि घोत्लीनु पर्ने, छलफल गर्नुपर्ने, बहस गर्नुपर्ने ठाउमा हामी छौ त्यसैले गर्दा यसको महत्व अत्यन्तै दुरगामी छ भन्ने मलाई लाग्छ तसर्थ यसले यस संस्थाको स्थापनाले हाम्रो नेपालमा अहिले झण्डै जडिबुटिको क्षेत्रमा झण्डै एक अर्ब बराबरको जडिबुटिजन्य कच्चापदार्थ निर्यात हुने गरेको तथ्यांकले देखाउछ त्यसैले गर्दा अब यो संस्था स्थापना भैसकेपछि अझै सुदूरपश्चिम जडिबुटिजन्य पदार्थहरु आर्युवेद पदार्थका क्षेत्रमा अत्यन्तै उर्भर भुमि हो जस्तो हामीलाई लाग्छ त्यसैले यो उर्भर भुमिमा हामीले यो संस्थाको स्थापना गरेर यसलाई गुणस्तरिय खालको हामीले जडिबुटि उत्पादन गरेर विदेश

निर्यात गर्न सक्यौ भने यसले ठुलो सम्भावना बोकेको छ आर्थिक क्षेत्रमा यसले अर्कोतिर रोजगारीको पनि सृजना गर्ने छ । आर्थिक रुपमा यसले सुदृढ बनाउने छ हाम्रो क्षेत्रलाई र साथ साथै अत्यन्तै सडेगलेको हाम्रो बनजंगलमा भएका सडेगलेका बस्तुहरु छन् जो हाम्रा पूर्खाहरुले हिजो औषधिको रुपमा, औषधिको पद्धतीको रुपमा विकास गरेर जान्थे त्यसलाई दक्षशक्तिले अझै त्यसलाई प्रशोधन गरेर अझै त्यसलाई वैज्ञानिक रुप धारण गरेर त्यसलाई हामीले विश्व बजार सम्म पु¥याउन सक्यौ भने आर्थिक उत्पादनका साथ साथै हामी सँग दक्ष जनशक्ति पनि यसले उत्पादन गर्नेछ । किन कि एउटा यो संस्थाले डक्टर उत्पादन गर्ने लक्ष्य पनि राखेको छ । आर्युवेद चिकित्सकहरु उत्पादन गर्ने पनि लक्ष्य पनि राखेको छ त्यसैले गर्दा यो संस्थाको अत्यन्तै धेरै महत्वपूर्ण भूमिका रहनेछ त्यसैले गर्दा यसका बारेमा हामीले धेरै मसिनो ढंगले छलफल गरेर जानुपर्ने कुराको खाचो छ अझै सुदूरपश्चिममा यार्सागुम्वा, सिलाजित लगायतका बस्तुहरु जो अत्यन्तै सस्तो मुल्यमा हामीले त बजारमा मान्छेहरुले खुद्रा पसल राखेर पनि बेच्ने गरेका छन् जुन बस्तुहरु गुणस्तरिय छैनन हामीले गुणस्तरिय बनाउने कुरा छ । हामीले अन्तराष्ट्रिय मापदण्डका बस्तुहरु उत्पादन गरेर हामीले हाम्रो मानव स्वास्थ्यलाई आर्युवेदीक क्षेत्रमा एउटा खालको क्रान्ति ल्याउने कुरा छ त्यसैले यसको महत्वलाई हामीले बुझेर यो जुन उपयुक्त समयमा यो ऐन एउटा विधेयक आएको छ यसलाई छिटो भन्दा छिटो हामीले यसलाई परिपक्क बनाएर अगाडि बढ्नुपर्ने कुराको खाचो छ । त्यसैले गर्दा अहिले आशा धेरै गरेको मान्छेहरुले विश्वास गरेको क्षेत्र मान्छेहरुले एलोपेथिक क्षेत्रहरुमा अलि उपचार हुन नसकेर पनि आर्युवेदीक क्षेत्रमा मान्छे पुग्न थालेका छन् त्यसैले गर्दा यो अवस्थामा विश्वास धेरै गरेको तर गुणस्तरिय सेवा दिन नसकेको क्षेत्र हो त्यसैले गर्दा यो क्षेत्रलाई हामीले दक्ष डक्टरहरु उत्पादन गरेर अझै सुदूरपश्चिमले डक्टरहरुको ठुलो ताती उत्पादन गरेर यो क्षेत्रमा प्रदेश सरकारले र नीजि क्षेत्रहरुलाई पनि आमन्त्रण गरेर लगानीको बाताबरण  सृजना गर्ने र यसबाट हाम्रो सुदूरपश्चिम प्रदेशको आर्थिक समृद्धिको निम्ती ढोका खोल्ने एउटा मार्ग प्रसस्त यसले गर्ने छ भन्ने कुराको म विश्वास गर्न चाहान्छु । त्यसैले गर्दा यसलाई स्थापना गर्नुका साथ साथै हिजोका दिनमा विशेषगरिकन हामीलाई थाहा छ । नेपाल सरकारले विगतका दिनमा सिंहदरबार वैद्यखाना भनेर पनि खोलेको थियो जहा आर्युवेदिक औषधिहरु उत्पादन हुने गर्दथे आज त्यो पनि धरासाहि भएको अवस्था छ । साथ साथै पछिल्लो चरणमा राष्ट्रिय आर्युवेद अनुसन्धान तथा तालिम केन्द्र किर्तिपुरमा स्थापना भएको छ । त्यो पनि राज्यले खोल्ने निकायहरु क्रमशः लगानीको अभावमा, दक्ष शक्तिको अभावमा, गुणस्तरियताको अभावमा धरासाहि हुदै जाने खतरा जो छ त्यसबाट चनाखो हुदै हामीले यो स्थापना गरेको संस्थालाई अझै गुणस्तरिय सेवा दिने एउटा खालको गुणस्तरिय शक्ति स्थापना गर्ने खालको कसरी हामीले बनाउन सक्छौ भन्ने कुरामा चनाखो हुदै अगाडि बढ्नका निम्ती पनि हामी सबैको उत्तीकै यसमा मेहनतको खाचो छ त्यसैले गर्दा यो ऐन अत्यन्तै ठिक समयमा आएको छ र यसलाई पूर्णता दिएर अगाडि बढ्ने कुराको मैले खाचो महसुस गरेको छु यति कुराहरु म राख्दै म विदा हुन्छु हवस त धन्यवाद ।

**माननीय रण बहादुर रावल :-** माननीय सभामुख महोदय, सुदूरपश्चिम आर्युवेद प्रतिष्ठान स्थापना संचालन गर्ने सन्दर्भमा व्यवस्था गर्न बनेको विधेयकको सन्दर्भमा सैद्धान्तिक पक्षमा केहि भन्न पाउदा यहालाई यो सभालाई धन्यवाद दिन चाहान्छु सभामुख मार्फत र विशेष गरि यो विधेयकको बारेमा

पूर्ववक्ता माननीयज्यूले पनि भनिसक्नु भा छ । यो बहुतै सुदूरपश्चिम जस्तो महत्वपूर्ण प्रदेश जसको ऐतिहासिक पृष्ठभुमि पनि त्यहि खालको छ जो कैलाशमानसरोवर देखि लिएर कैलाशकै जगको रुपमा यो अवस्थित छ त्यस कारण चाहि यो बहुतै महत्वपूर्ण विधेयक यहा ल्याईएको छ । त्यसको लागि म सरकारलाई धन्यवाद दिन चाहान्छु । यो विधेयको सैद्धान्तिक पक्षको सन्दर्भमा जस्तो सुदूरपश्चिम प्रदेशमा आर्युवेदिक स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन र अनुसन्धानको व्यवस्था गरि मुलुकलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न र गुणस्तरिय आर्युवेदिक शिक्षा स्वास्थ्य सेवामा सर्वसाधारणको पहुच पनि बनाउने कुराहरु छन् र त्यसपछि सर्वसुलभ बनाउने भन्ने कुराहरु छन् । त्यस कारण चाहि यो प्रतिष्ठान बहुतै गम्भिरता टायपको हुने हुनाले यसमा सबैको सहयोगको अपेक्षा गरिन्छ । एउटा यसै सन्दर्भमा सुदूरपश्चिम प्रदेशमा जुन हिसाबले आर्युवेदिक प्रतिष्ठानको कुराहरु गरिएको छ यो आर्युवेदिक प्रतिष्ठानले मलाई लाग्छ सुदूरपश्चिम वासिको शिर ठाडो गरेको छ आज विश्वभरी यदि राम्रो सँग हेरियो भने अहिले के देखिन्छ भन्दा खेरि अहिले आधुनिक औषधिको नाममा, आधुनिक चिकित्साको नाममा वास्तवमा मानवजातिलाई ठुलो दुर्घटनामा निम्त्याउदै गएको छ । आर्युवेदिक शिक्षा भनेको जो टाईम टेस्टेड टाईम टेस्टेड भनेको अहिले होईन हजारौ हजार बर्ष अगाडि ऋृषिमुनिहरुले आफ्नो जीवन परन्त र आफ्नो जीवन नै यसको अनुसन्धान र यसको काममा लागेको हुनाले त्यसबाट निस्केको हो यो जीवनलाई कसरी लामो सम्म बाच्न सकिन्छ बनाउने हिसाबले आर्युवेद ज्ञान भनेको लामो आयु बनाउने ज्ञान भएको हुनाले मलाई लाग्छ यो अति महत्वपूर्ण विषय छ र यसमा अहिले राष्ट्रियस्तरहरु मात्र नभएर अन्तराष्ट्रिय जगतमा पनि यसले ठुलो टेवा पुऱ्याउने स्थिति देखिन्छ । आज सबै त्यो मोडन औषधिको नाममा मोर्डन चिकित्सव भन्दा पनि डराउन थाली सक्याछन् मान्छेहरु र कसरी यो प्राकृतिक चिज त आर्युवेदीक चिकित्सा र आर्युवेदिक ज्ञानलाई बढी लिने र आर्युवेदिकबाट बनेका जतिपनि उत्पादनहरु साच्ची यसले चाहि दुर्गामी प्रभाव पार्न सक्ने र हेल्थलाई राम्रो गर्ने हुनाले यसमा शुरुदेखि यो आउनु पर्थ्यो यो गतसालमै ल्याउनु पर्थ्यो तर ढिलै भएपनि जुन आएको छ यो बहुतै महत्वपूर्ण छ र यसमा एउटै मात्र कुरा के छ भने हामीले हेर्नुपर्ने यसले जतिपनि कुरा गर्छ प्राकृतिक चिजहरुमा आधारित उत्पादनहरु पनि बन्छ त्यसमा ज्ञानको कुराहरु पनि छ त्यसका आधारमा जनतालाई नागरिकलाई सर्वसुलभ तरिकाले ज्ञान बाड्ने पनि हो चिकित्सा पनि बाड्ने हो । यसमा के छ त भन्दा खेरि जडिबुटि यसमा लवणहरु जो खनिजहरु जडिबुटि मात्र होईन लवणहरु पनि सुदूरपश्चिममा यावत चिजहरु पाईन्छन् । त्यसपछि अर्को जीवजन्तुहरुका विभिन्न भागहरु हड्डीहरु देखि लिएर विभिन्न चिजहरु प्रयोग हुन्छन् यसमा त्यसकारण चाहि जडिबुटि, लवण, जीवजन्तुहरुका चाहि सम्पूर्ण चिजविजहरु यहि स्वदेशमै पाउन सक्ने र केहि कमि भो भने बाहिरबाट ल्याउनु पर्नेहुन्छ त्यसैले स्वदेशमा आधारित बढी ज्ञान र विशेष गरि नेपालकै हिमालयमा आधारित यो आर्युवेद भएको हुनाले त्यसमा यसलाई चाहि बढी महत्व दिएकोमा सुदूरपश्चिम सरकारलाई म विशेष धन्यवाद दिन चाहान्छु र अर्को एउटा यसै सन्दर्भमा एउटा याद गर्नुपर्ने के छ भन्दा खेरि यो सैद्धान्तिक हिसावले के याद गर्नुपर्यो भने यो संस्था बनाउनु मात्रै यो चाहि प्रतिष्ठान स्थापना गर्नु मात्रै ठुलो कुरा होईन यहा कस्तो एउटा ह्युमन रिसोर्च भन्छ यसलाई दक्ष जनशक्ति कस्तो छ संचालन गर्नलाई त्यो महत्वपूर्ण कुरा छ त्यसको लागि मलाई लाग्छ यसमा अलिकति हेर्नुपर्ने सैद्धान्तिक पक्षमा के छ भने हामीसँग भएका जतिपनि दक्ष जनशक्तिहरु छन् तीनलाई सबै बढीसे बढी गर्ने साथ साथै बाहिरबाट पनि ल्याउनु पर्नेस्थिति आउन सक्छ त्यसको लागि पनि यहा चाहि यो अन्तिममा चाहि कुरा गर्दा खेरि त्यहा पनि खुलापन राख्नुपर्छ जस्तो लाग्छ । अर्को कुरा यहि यसले के दिन्छ भन्दा खेरि केवल एउटा स्वास्थ्य सम्बन्धी मात्रै हेल्थटुरिजमलाई पनि टेवा पुऱ्याउने छ ।

स्वास्थ्यसम्बन्धी टुर कोहि मान्छे यहा यदि राम्रो सँग चाहि यहा चाहि यो प्रतिष्ठान भयो भने यस प्रतिष्ठानका अर्न्तगत यो त एउटा संस्था भन्नासाथै औषधि बनाउने संस्था होईन यो यो संस्था केवल पढाउने मात्रै होईन यो संस्था के भने प्रतिष्ठान भनेको यावत चिजहरुमा अध्ययनमा पनि अध्ययनपन देखि लिएर यो चिकित्सक प्रणालीलाई पनि विकास गर्नमा टेवा पुग्ने हुनाले यसको कारणले गर्दा जतिपनि वरिपरि संस्थाहरु बढ्छन त्यसको कारणले हजारौ हजार धेरै धनिमान्छेहरु पनि यहा आउन सक्ने हुनाले यो हेल्थटुरिजमलाई पनि टेवा पुग्छ यसलाई अर्को एउटा के भन्छ भने दिगो पनमा विशेष गरि अहिले २०३० सम्म नेपाल ससक्रियमन गोल्सहरु छ दिगो लक्ष्य प्राप्त गर्नमा पनि यो चाहि यसले टेवा पुग्ने हुनाले यसलाई चाहि याद गर्ने र चाहि अर्को समस्याहरु के छ त भन्दा खेरि एउटा याद गर्नुपर्ने के छ त भन्दाखेरि अब यदि हामीले चाहि राम्रो सँग गर्न सकेनौ त्यो विरुवा देखि लिएर खनिज चिजहरु देखि लिएर यसमा चाहि अलिकति ध्यान दिनुपर्ने शुरु देखि हामीले के छ भने यि जति लोप हुने खालका विरुवाहरु लोप हुने खालको बनस्पती मात्र होईन जीवजन्तुहरु छन्, खनिजहरु छन् त्यलाई पनि दिगो रुपमा कसरी गर्ने त्यो सन्दर्भमा पनि हामीले अलिकति यो प्रतिष्ठानमा चाहि जोड्नुपर्छ हामीले किन भने यसले दिगोपन बढाउनमा यो प्रतिष्ठानले टेवा पुऱ्याउने छ र सुदूरपश्चिमको कुनै पनि स्रोतलाई लोप गराउनमा सहयोग पुग्नेछैन भन्ने छ । अर्को समस्या के हुन्छ प्रतिष्ठान त खोल्यौ यसको उद्देश्य राम्रो छ । यसको कारणले आज चाहि धेरै कुराहरु चाहि बन्न सक्छ यहा र साच्चिकै सुदूरपश्चिमको चाहि उन्नती, प्रगतिमा टेवा पुग्छ तर यदि हामीले यो प्रतिष्ठान बनाईसकेपश्चात यो हामीले बनायौ हामीले चाहि आफ्नो कार्यकर्ता भर्ति गर्ने टाईपको बनाउन थाल्यौ भने त्यसबेला चाहि याद गर्नुपर्छ । सुदूरपश्चिमलाई याद गरेर सबभन्दा राम्रा दक्ष जसलाई संचालन गर्ने क्षमतालाई खोजी खोजी व्यवस्था साच्चिकै त्यसलाई जिम्मेवारी दियो भने यो प्रतिष्ठानले राम्रो गर्न सक्छ । अर्को यहि विषयमा म धेरै लामो नभनेर यो विषयलाई गहन विषय भएको हुनाले यो विषयलाई चाहि अझ बढी से बढी हाम्रो विषयगत समितिमा लगेर यसको व्यापक छलफल गरियोस त्यसमा पनि मैले आफ्नो विज्ञता अथवा ज्ञान, वुद्धि त्यसमा अझ बढी दिनेछु भन्ने राख्दै म विदा हुन्छु धन्यवाद ।

**माननीय मालामति कुमारी राना :-** माननीय सभामुख महोदय, नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम आर्युवेदिक प्रतिष्ठान स्थापना संचालन गर्ने सम्बन्धमा विधेयक आफैमा एकदम महत्वपूर्ण विधेयक हो । म यसमा सरकारलाई धन्यवाद पनि दिन चाहान्छु । संचालन गर्दा यो चाहि आर्युवेद प्रतिष्ठान जुन हाम्रो प्रदेश सरकारले यो विधेयक ल्याउनु भएको छ । यो विधेयकलाई हामीले एकदमै पास गरेर छिटो भन्दा छिटो हामीले संचालनमा ल्याउनुपर्छ किन भने यो विधेयक सँग हाम्रा प्रदेशका हाम्रा बालबच्चाहरुको भविष्य जोडिएको छ त्यस कारण चाहि हामीले संचालन गर्नका लागि आर्थिक स्रोत कहाबाट व्यवस्था हुनुपर्छ अनि यो आर्थिक बजेट व्यवस्था गरेर तुरुन्त लागु गर्नुपर्छ । यदि मिल्छ भने हाम्रै प्रदेशको आर्थिक बर्ष २०७६।०७७ कै बजेटबाट चाहि हामीले यसलाई चाहि हामीले अगाडि बढाउनु पर्छ र आर्युवेदिक स्थापना प्रतिष्ठान स्थापना हुदै छ भने प्रदेश सरकारले ध्यान दिनुपर्छ एकदमै किन भने यो आर्युवेदिक प्रतिष्ठान स्थापना हुदैछ । हामीले जीवजन्तु, जडिबुटिको पहिलो संरक्षण र सम्वर्द्धन गर्न जरुरी छ । सकभर भएपछि यता पहाडमा मात्र होईन हाम्रो ९ जिल्लैमा जीवजन्तु, जडिबुटिको संरक्षण र सर्वद्धन गर्न अतिआवश्यक छ । यदि हामीले चाहि जडिबुटि र जीवजन्तुको संरक्षण गर्न सकेनौ भने यो सुदूरपश्चिम आर्युवेद प्रतिष्ठानको कुनै औचित्य नै रहने छैन । यो चाहि हामीले बनाउनु भन्दा पहिले संरक्षण र सर्वद्धनतिर चाहि हामीले अगाडि बढ्नुपर्छ र चाहि प्राङ्गीक परिषदको गठन जुन यो एकदमै महत्वपूर्ण हो यो गठन कुनै गर्नलाई चाहि हामीले गर्दाखेरि सुझबुझ गरेर चाहि हामीले गठन गर्नुपर्छ

यसमा चाहि गठन गर्दा दक्ष जनशक्ति ल्याएर हामीले गठन गर्नुपर्छ किन भने हामीले चाहि अहिले सुन्दै, हेर्दै आईरहेका छौ जुन कुनै पनि परिषद् जुन सुकै पनि समिति, कार्यकारि समितिहरु गठन हुदाखेरि अहिले सम्मको स्थिति हेर्दा खेरि राजनितिकरण बढी देखिएको छ यसमा राजनितिकरण नहोस यदि राजनितिकरण भयो भने जुन काठमाण्डौको केन्द्रको सिंहदरबारको आर्युवेदिक छापाखानाको जुन अहिले चाहि धाराशाहीमा त्यो छापाखाना चाहि आर्युवेदिक छापाखाना जुन धाराशाहीस्थितिमा छ नेपालका हरेक ठाउँमा आर्युवेदिक जहा जहा खोलिएका छन् ती सबै आर्युवेदिक प्रतिष्ठानहरु धाराशाहीमा छन् । त्यस कारण सुदूरपश्चिमको हाम्रो चाहि आर्युवेद प्रतिष्ठान जो स्थापना हुदैछ । सुदूरपश्चिम भएर एउटा नमूनाको रुपमा एउटा एक नं.को आर्युवेद प्रतिष्ठान स्थापना हुनुपर्छ मेरो मान्यता छ । त्यस कारण हामीले चाहि मनोनित गर्दा पनि राजनैतिको नाममा भर्तिकेन्द्र बनाउनु हुदैन एकदम दक्ष शक्ति भएकालाई हामीले चाहि भर्ति गर्नुपर्छ त्यस कारण यो एकदमै महत्वपूर्ण विधेयक हो म यसको स्वागत गर्न पनि चाहान्छु र यो विधेयक सम्बन्धित समितिमा पठाईयोस भन्यवाद ।

***(बोलिसके पछि)***

६. **माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

७. **माननीय सदस्यहरू,**

अब, म सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी लाई **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी** :- माननीय सभामुख महोदय, यो गरिमामय सदनमा माननीयज्यूका अमुल्य सुझावहरु प्राप्त भएका छन् ती सुझावहरु सारै, असाध्ययि समय सार्न्दभिक र यो आर्युवेद विज्ञानको क्षेत्रमा असाध्ययि काम गर्ने खालका सुझावहरु आएका छन् । माननीय सभामुख महोदय, मार्फत माननीयज्यूहरुलाई धन्यवाद दिन चाहान्छु । आर्युवेद विज्ञानको क्षेत्रमा अध्ययन, अनुसन्धान र अध्यापन गराउने शिलशिलामा यो आर्युवेद विज्ञानको विधेयक सदन समक्ष प्रस्तुत भएको छ । सुदूरपश्चिम यस्तो क्षेत्र छ जहा हाम्रा हिमालहरु, हाम्रा ताल तलैयाहरु, हाम्रा खप्तड, रामारोशन, बडिमालिका, घोडाघोडी, शुक्लाफाटा जस्ता सिमसार क्षेत्र भएका बनजंगलहरु त्यहाभित्र भएका विभिन्न खाले जडिबुटिहरुले प्रचुर क्षेत्र ओगटेको हाम्रो सुदूरपश्चिम यो क्षेत्रमा आर्युवेदिकको माध्ययम द्वारा समग्र सुदूरपश्चिम प्रदेशकै विकास गर्न सकिन्छ भन्ने उद्देश्यका साथ यो विधेयक आएको छ । यो विधेयकमा अमुल्य सुझाव पनि हामीले प्राप्त गरेका छौ । यि अमुल्य सुझावहरुलाई ग्रहण गर्दै यहा उठाईएका प्रश्नहरुमा कहिल्यै यो आर्युवेदिक प्रतिष्ठान भित्र पनि राजनैतिकरण हुन्छ कि यहा आफ्ना मान्छे भर्तिकेन्द्र पो हुन्छ कि भन्ने आएको छ यि कुराहरुमा कत्ती पनि संका नगर्न म माननीय सभामुख महोदय मार्फत सम्पूर्ण माननीयज्यूहरुलाई आग्रह गर्न चाहान्छु । हामी दक्ष, योग्य र यो विषयमा ज्ञान प्राप्त गरेको त्यस्ता व्यक्तिको हामी सबैलाई त्यस्तो मौका दिएर त्यो ठाउमा ल्याउने छौ हामीले यसै विधेयकमा भनेका छौ लोकसेवा आयोगद्वारा प्रतिस्पर्धि भएर जो आउन सक्छ त्यस्तोलाई यो काम जिम्मेवारी दिने भनेका छौ । त्यसैले यसमा आफ्ना पार्टिका, आफ्ना गुटका, आफ्ना दलका

काला, गोरा विभिन्न रुपमा जुनसुकै रुपका पनि भर्ना हुन्छन् कि यो राजनितिकरण पो हुन्छ कि भन्ने कुरामा कत्ति पनि संका नगर्न म अनुरोध गर्न चाहान्छु । जो क्षेत्र छ हामी सँग यो आर्युवेदिक क्षेत्रलाई हामीले जसरी समेटेर यो आर्युवेदिक विज्ञानको क्षेत्रमा अहिले सम्म हिजोका वैद्यखाना देखि लिएर सबै असफल भएको यस्तो परिस्थितिमा पनि सुदूरपश्चिममा यसको सम्भावना छ यसलाई हामीले अगाडि बढाएर लिन सक्छौ भन्ने उद्देश्यका साथ सरकारले ल्याएको छ यसमा यहाहरुका अमुल्य सुझावहरुलाई ग्रहण गर्दै यि सुझावहरु यो हाम्रो विधेयकमा कहि समेट्नु पर्ने छन् भने तपाईहरुसँगै छलफल गरेर समेट्ने छौ भन्ने कुराहरु यहाहरुको बीचमा राख्दै आफ्ना अमुल्य सुझाव दिने माननीयज्यूहरुलाई सभामुखज्यू मार्फत धेरै धेरै धन्यवाद दिदै यहाहरुले मलाई जुन यो विधेयक विषयमा राम्रा अमुल्य सुझाव दिनु भो यसका लागि पुनः धन्यवाद दिदै विदा हुन्छु धन्यवाद ।

*(जवाफ दिएपछि)*

८. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले ७२ घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

*(जानकारी गराएपछि)*

९. **माननीय सदस्यहरू,**
**"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

१०. **माननीय सदस्यहरु,**

अब, **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

११. **माननीय सदस्यहरु,**

**"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भए पश्चात अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट तयार पारीएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

१२. **माननीय सदस्यहरु,**

अब म अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय हर्क बहादुर कुँवरलाई **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारीएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू,
प्रदेशसभा, सुदूरपश्चिम प्रदेश,
धनगढी, कैलाली ।

मिति २०७६।०२।२६

विषय: प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७६।२।१० गते बसेको चौथो अधिवेशनको छैटौं बैठकको निर्णय अनुसार दफावार छलफलको लागि प्राप्त "प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" लाई यस अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको बैठक नं. ५१, ५२ र ५३ सम्म ३ पटक आमन्त्रित समेतको बैठक बसी विस्तृतरुपमा दफावार छलफल गरी समितिको निर्णय सहितको प्रतिवेदन पेश गरिएको छ ।

दफावार छलफलका बैठकमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय राज्यमन्त्रीज्यू, माननीय सदस्यहरु र अन्य आमन्त्रितहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१. माननीय दीर्घ बहादुर सोडारी सदस्य
२. माननीय देवराज पाठक
३. माननीय अक्कल बहादुर रावल
४. माननीय अम्बी कुमारी थापा
५. माननीय कृष्ण बहादुर चौधरी
६. माननीय गोविन्द बहादुर बोहरा
७. माननीय प्रेम प्रकाश भट्ट
८. माननीय पूर्णा जोशी
९. माननीय महेशदत्त जोशी
१०. माननीय रतन बहादुर थापा

**विशेष आमन्त्रित**

११. माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माया भट्ट

१२. माननीय उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री प्रकाश रावल

**आमन्त्रित**

१३. उद्योग, पर्यटन, वन तथा वातावरण सचिव श्री मेघनाथ काफ्ले

दफावार छलफल समाप्त भए पश्चात प्रस्तुत विधेयकमा देहाय बमोजिम संशोधन तथा थप हुनको लागि निर्णयार्थ सभामा प्रस्तुत हुनुपर्ने यस समितिको सर्वसम्मत निष्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु ।

## संशोधन तथा थप हुनुपर्ने विषयहरु

| क्र.सं. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था |
|---|---|---|---|
| १. | १(१) | यस (१)ऐनको नाम "प्रादेशिक औद्योगिक व्यवसाय ऐन २०७५" रहेको छ । | यस (१)ऐनको नाम "सुदूर पश्चिम औद्योगिक व्यवसाय ऐन २०७५" रहेको छ । |
| २. | २(ज( | (ज ("निर्यातमूलक उद्योग" भन्नाले उर्जामूलक बाहेक आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ । | (ज ("निर्यातमूलक उद्योग" भन्नाले उर्जामूलक बाहेक आफ्नो उत्पादनको कम्तीमा **एकाउन्न** प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ । |
| ३. | ५(१) | यो (१)ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु<br>पर्नेछ । | यो ऐन व (१)ा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको **सात** दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ । |
| ४. | ९(२( | (२बमोजिम उजुरी (१) उपदफा ( परेमामन्त्रालयले उजूरी उपर आवश्यक जाँचबुझ गरी उजूरी परेको मितिले तीस दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ र सो निर्णय अन्तिम निर्णय हुनेछ । | (२ बमोजिम उजूरी परेमा (१) उपदफा (मन्त्रालयले उजूरी उपर आवश्यक जाँचबुझ गरी उजूरी परेको मितिले तीस दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ । |
| ५ | १६ को ३ | (खउत्पादनमूलक उद्योगः कच्चा ( पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध | (ख उत्पादनमूलक उद्योगः कच्चा (पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग |

| | | | |
|---|---|---|---|
| | (ख) | प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु । | वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु र कच्चा काठबाट उत्पादित सिजनिङ उद्योग सम्झनु पर्दछ । |
| ६ | १६ को ३(झ( | - | क्रसर उद्योग :- ढुगाबाट उत्पादित गिट्टीचिप ,रोडा , मा उल्लेखित ४ लगायतका उत्पादन गर्ने अनुसूची उद्योग |
| ७ | १९(१( | | (ग (सहायक मन्त्री –सदस्य |
| ८. | १९(१( | | (ठ( उद्योग व्यवसायी क्षेत्रको प्रतिनिधित्व हुनेगरी कम्तिमा १ जना महिला समेत पर्नेगरि अध्यक्षबाट मनोनित ३ जना सदस्य पदावधि ३ बर्ष |
| ९. | २१(१( | | (ज( प्रदेश मन्त्रालयले तोकेको १ जना महिला पर्नेगरि २ जना सदस्य पदावधि २ बर्ष |
| १०. | २९(२( | (२को प्रयोजनको लागि (१) उपदफा ( प्रत्येक उद्योगले प्रत्येक आर्थिक वर्षमा भएको कारोबारको रकम र सो आर्थिक वर्षका लागि पेश गरिएको व्यवसायिक सामाजिक जिम्मेवारी बहन अन्तर्गतको योजना तथा कार्यक्रमको प्रगति विवरण सो आर्थिक वर्ष व्यतित भएको तीन महिनाभित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ । सो विवरणसाथ चालु आर्थिक वर्षको व्यवसायिक सामाजिक जिम्मेवारी बहनको योजना तथा कार्यक्रम समेत संलग्न गरिएको हुनु पर्नेछ । | (२को प्रयोजनको लागि प्रत्येक (१) उपदफा ( उद्योगले प्रत्येक आर्थिक वर्षमा भएको कारोबारको रकम र सो आर्थिक वर्षका लागिपेश गरिएको व्यवसायिक सामाजिक जिम्मेवारी बहन अन्तर्गतको योजना तथा कार्यक्रमको प्रगति विवरण सो आर्थिक वर्ष व्यतित भएको तीन महिनाभित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ । सो विवरणसाथ चालु आर्थिक वर्षको व्यवसायिक सामाजिक जिम्मेवारी बहनको **वातावरण संरक्षण सहितको** योजना तथा कार्यक्रम समेत संलग्न गरिएको हुनु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| ११ | ३० | **३०औद्योगिक करिडोर ., औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्ने**:प्रदेश सरकारले प्रदेश (१) राजपत्रमा सुचना प्रकाशन गरीऔद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डका अधिनमा रही प्रादेशिक औद्योगिक करिडोर, प्रादेशिक औद्योगिक ग्राम तथा प्रादेशिक औद्योगिक क्लष्टर घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ । | **३०औद्योगिक करिडोर ., पार्क, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्ने**:प्रदेश (१) सरकारले प्रदेश राजपत्रमा सुचना प्रकाशन गरी औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डका अधिनमा रही प्रादेशिक औद्योगिक करिडोर, **पार्क,** प्रादेशिक औद्योगिक ग्राम तथा प्रादेशिक औद्योगिक क्लष्टर घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलबध गराउन सक्नेछ । |
| १२ | ३५(५) | | स्तनपान गराउनुपर्ने महिला कामदारका लागि (५) आवश्यकताअनुसार स्तनपान गराउने समय उपलब्ध गराउनु पर्नेछ । |
| १३ | ४१(४( | (४यस दफा बमोजिम सजाय ( गर्नुभन्दा अघि सजाय गर्ने अधिकारप्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सवुत पेश गर्न पन्ध्र दिनको समय दिनुपर्नेछ । | (४यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय ( गर्ने अधिकारप्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सवुत पेश गर्न **एक्काईस** दिनको समय दिनु पर्नेछ । |
| १४ | अनुसूची१- | ७ .सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु बहुमूल्य, अर्ध–बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत(, | ७ .सुन चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा वर्तनहरु बहुमूल्य, अर्ध–बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत वा रत्नपत्थर समेतलाई जनाउँने छ । |
| १५ | अनुसूची ३- | | २७ सिजनिङ उद्योग |
| १६ | अनुसूची–४ | | **१७ क्रसर उद्योग व्यवसाय खोल्न पाउने कम्पनि प्रा.लि., व्यक्ति समेत जनाउनेछ ।** |
| १७ | अनुसूची-६ | (दफा १६ को उपदफा को खण्ड (२) (सँग सम्बन्धित (छ) | (दफा १६ को उपदफा )**३**( को खण्ड सँग (छ) (सम्बन्धित |
| १८ | अनुसूची–७ | (दफा १६ को उपदफा को खण्ड (२) (सँग सम्बन्धित (ज) | (दफा १६ को उपदफा )**३**( को खण्ड सँग (ज) (सम्बन्धित |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप हुनुपर्ने विषयहरु "प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूर पश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १६० बमोजिम यो प्रतिवेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिवेदन तयार पार्न सहयोग पुर्याउने सचिवालयका कर्मचारी सहित सम्पूर्ण अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।

**प्रस्तुतकर्ता**
(माननीय हर्क बहादुर कुँवर)
सभापति
अर्थ विकास तथा प्राकृतिक स्रोत समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

*(प्रतिबेदन प्रस्तुत गरेपछि)*

१३. **माननीय सदस्यहरु,**

**"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।.

१४. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल जेष्ठ २९ गते बुधबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।